मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ ● अंक : २१ ● पूर्णांक : २२० ● वि.सं. २०८१ बैशाख ४ मंगलवार ● ने.सं. ११४४ चौलाथ्व अष्टमि ● 2024 April 16 ● पृष्ठ ८ ● मूल्य रू. १०।-

नागढुंगा सुरुङमार्ग छिचोलियो

सुरुङमार्ग निर्माण महत्वपूर्ण उपलब्धी : प्रम प्रचण्ड

● **मेरो संवाददाता**

काठमाडौं/नेपाललाई सुरुङ युगमा लैजाने महत्वपूर्ण आयोजनाका रुपमा रहेको नागढुङ्गा सुरुङमार्ग सोमवार छिचोलिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहालले स्वीच थिचेर सुरुङ 'ब्रेक थ्रु' गर्नुभयो। प्रधानमन्त्रीले स्वीच थिचेपछि धादिङ र काठमाडौं दुवैतर्फबाट खनिएको सुरुङ एकआपसमा छिचोलिएको हो।

सो अवसरमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री प्रचण्डले सुरुङ्ग मार्गको निर्माण महत्वपूर्ण उपलब्धी रहेको बताउनु भएको छ। उहाँले भन्नुभयो, 'यस सुरूङमार्गलाई आधार मान्दै नेपाली माटो सुहाउँदो सुरूङ सम्बन्धी दस्तावेज निर्माण हुनेछ। यसले नेपाललाई सुरूङ युगमा पुऱ्याउन महत्वपूर्ण योगदान गर्नेछ। आगामी योजनामा राष्ट्रिय राजमार्गहरूमा सुरूङमार्ग, फ्लाइओभर तथा अन्डरपाससहितको आधुनिक सडक सञ्जाल विस्तार तथा निर्माण गर्ने सरकारको नीति रहनेछ।'

चन्द्रागिरि नगरपालिकाको बलम्बुदेखि धादिङको सिस्नेखोला जोड्ने यो सुरुङमार्ग आयोजनाको मुख्य सुरुङको लम्बाइ २ हजार ६ सय ६७ मिटर रहेको छ।

आयोजनाको उद्धार सुरुङ रेस्क्यु टनेल भने गत साउनमै ब्रेक थ्रु भइसकेको छ। आयोजना निर्माणको सुरुआती सम्झौता अनुसार काम सुरु भएको ४२ महिनाभित्र अर्थात् गत वर्ष वैशाखमै निर्माण सम्पन्न भइसक्नुपर्नेमा केही समय ढिला भएको हो।

आयोजनामा तीनवटा अन्डरपास, चारवटा बक्स कल्भर्ट, एउटा ओभरपास, तीनवटा पुल ९ वटा ब्रिज र एउटा फ्लाइओभर रहेका छन्।

त्यस्तै, सुरुङभित्रको सडक ढलान, बत्ती जडान लाइटिङ, अक्सिजन पाइप जडान, भेन्टिलेसन लगायतका काम भने बाँकी रहेको आयोजनाले जनाएको छ।

नागढुङ्गाको घुमाउरो सडक र जामबाट आजित भएका नागरिकलाई उक्त सुरुङमार्ग निर्माण भएपछि थप सहज हुने बताइएको छ।

'सम्युवा' नगर स्वयमसेवक नागपोखरीको सफाइमा

● **मेरो संवाददाता**

काठमाडौं/नयाँ बर्षको पहिलो दिन 'सम्युवा' नगर स्वयमसेवकहरुले वडा नं. १ मा रहेको नागपोखरीको सरसफाइ गरेका छन्। सफाइका लागि भेला भएका स्वयमसेवकहरु भेला भएपछि 'प्रकृति र संस्कृति'को अन्तरसम्बन्धको बारे विचार विमर्श गरे। त्यसपछि सरसफाइ गर्न थालेका थिए।

स्वयमसेवकहरुलाई ४ दिनको तालिम दिइसकिएको छ। अब हरेक शनिबार सम्पदा डबली कार्यक्रम अन्तर्गत स्थानीय समुदाय र विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरेर कार्यक्रम सञ्चालन गरिनेछ। पर्यटन महाशाखा प्रमुख श्रृजु प्रधानले पहिलो शनिवारको कार्यक्रममा ५० जना सहभागी भएर सरसफाइ गरेको जानकारी दिनुभयो।

सरसफाइका क्रममा फोहोरलाई जैविक र अजैविक गरी २ भागमा छुट्याएर संकलन गरेका थिए। प्राप्त फोहोरमा सबैभन्दा कुहिने फोहोर (रुखका पात, भक्तले उत्पादन गरेका प्रसाद, फूल) थियो। त्यसपछि कागज (कार्टुन वक्स, सामान पोको पारेर ल्याएका पत्रिकाहरु), प्लाष्टिकजन्य फोहोर (पोलिथिन झोला, दूधका प्याकेट, मिनरल वाटरका बोटल, काम नलाग्ने झिलझिले प्लाष्टिक), धातु (क्यानका बोतलहरु), कपडाहरु थिए। यस्तै पान परागका खोलहरु थुप्रै भेटियो। यसरी संकलन गरिएको फोहोरको मात्रा करिब छ सय मेट्रिक टन थियो। हेर्दा सामान्य लागे पनि यो कार्यक्रमको प्रभाव ठूलो छ। कार्यक्रमका बारेमा वातावरणविद् भूषण तुलाधरले, यस्ता सामुहिक कामले युवाहरुमा प्रकृति र संस्कृतिबिचको अन्तरसम्बन्ध र सहअस्तित्वका बारेमा गहिरो चाख बढ्ने बताउँदै यसबाट दिगो वातावरणीय सुधारका लागि सहयोग हुने धारणा राख्नुभयो।

सरसफाइमा जनप्रतिनिधि, कर्मचारी, नक्साल बक्सिङ क्लबका पदाधिकारी, पुरातत्व विभागका प्रतिनिधि, छिमेकी वडा नं ५ का वडा सदस्यसहित जीवन्त हाँडीगाउँ अभियानका अभियन्तासहित सहभागी हुनुभएको थियो। स्वयमसेवकहरुले एक हप्ताभित्र पाहाँचह्रे जात्रा र बत्सलेश्वरी जात्राको अभिलेखनका लागि तथ्याङ्क संकलन गरेका छन्। यसपछि हाँडीगाउँमा गहना खोज्ने जात्रा र सेतो मछिन्द्रनाथको जात्राको तयारीमा लागेका छन्। प्रधानका अनुसार जात्रापछि विद्यार्थीहरुलाई सम्पदा र संस्कृतिको बारेमा जानकारी दिन विद्यालयहरुमा खटाइनेछ।

भाषा विधेयक लागु गराउने मन्त्री बज्राचार्यको प्रतिबद्धता

● **मेरो संवाददाता**

काठमाडौं/बागमती प्रदेशमा नेपालभाषा र तामाङ भाषालाई प्रदेशिय सरकारी कामकाजि भाषाको रुपमा लागू गराउनका लागि आफूले सक्दो पहल गर्ने बागमती प्रदेशका संस्कृति पर्यटन एवम् सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्यले प्रतिबद्धता जनाउनु भएको छ।

नेवाः देय् दबू स्वनिगः विशेष प्रदेशले उहाँलाई शुभकामना दिनुका साथै भाषा ऐन लागू गर्ने बारेमा छलफल गर्ने कार्यक्रममा उहाँले यस्तो बताउनु भएको हो। उहाँले नेपालभाषा र तामाङ भाषालाई सरकारी कामकाजि भाषा ऐन अनुरुप लागू गराउनकै लागि आफू मन्त्री भएइको समेत बताउनु भएको छ।

छलफलमा निर्वतमान प्रदेश मन्त्री पुकार महर्जनले यो ऐन लागू गर्न ढिलाई गर्नु नहुने बताउनु हुँदै हिजोका दिनमा आफूले सो मन्त्रालयको नेतृत्व गर्दाको अनुभव साझा गर्नुभयो।

छलफलमा भाषा आयोगका पूर्व सदस्य एवम् प्रदेश भाषा ऐन बनाउने कार्यदलमा रहेर काम गर्नुभएका भाषाविद् अमृत योञ्जनले प्रदेशमा भाषा लागु गर्नका लागि अब चाँडै नै विज्ञ समुह गठन गरेर अगाडि बढ्नु पर्ने बताउनु भयो।

छलफलमा प्रा. डा. ओमकारेश्वर श्रेष्ठ, स्वनिगः विशेष प्रदेशका अध्यक्ष श्रीकृष्ण महर्जन, उपाध्यक्ष नविन थेच्वामि, सचिव गंगादेवी महर्जन लगायतको उपस्थिति थियो।

नववर्ष २०८१ को सुखद उपलक्ष्यमा
सम्पूर्ण ग्राहकवर्ग, व्यापारिक साझेदार,
प्रविधि प्रदायक तथा दूरसञ्चारकर्मीहरुमा
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।

नेपाल टेलिकम
राष्ट्रको सञ्चार

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय ✍

व्यक्ति होइन विधिको शासन

राष्ट्रिय प्रजातन्त्र पार्टीले गत चैत्र २७ गते गरेको प्रदर्शनका क्रममा घाइते भएका एक जनाको उपचारका क्रममा सोमवार निधन भएको छ। राप्रपाले गणतन्त्र र धर्म निरपेक्षताको विरोध गर्दै राजतन्त्रसहितको हिन्दु राज्य स्थापनाको माग गर्दै प्रदर्शन गरेको थियो। चैत्र २७ गते रत्नपार्कमा गरिएको प्रदर्शनका क्रममा प्रदर्शनकारीहरुले निषेधित क्षेत्र टोड्ने प्रयास गरेपछि प्रहरीले त्यसको प्रतिकार गर्दा लाठी चार्ज, पानीको फोहोरा र अश्रुग्यासको समेत प्रयोग गरेका थिए। जस क्रममा राप्रपाका केही कार्यकर्ताहरु घाइते भएका थिए भने केहीलाई नेपाल प्रहरीले नियन्त्रणमा लिएको थियो।

सो प्रदर्शनका क्रममा घाइते भई उपचारको क्रममा मृत्यु भएको व्यक्तिलाई सरकारले सहीद घोषणा गर्नुपर्ने माग राप्रपाले राखेको छ। सैद्धान्तिक रुपमा हेर्दा राजनीतिक आस्थामा आधारमा प्रदर्शनमा सहभागी भएको र प्रदर्शनका क्रममा घाइते भएर मृत्यु वरण गर्न पुगेकाले उहाँलाई सहीद घोषणा गर्नुपर्ने देखिन्छ। तर उहाँ पहिलेदेखी नै दमको दीर्घ रोगी भएको पनि खुल्न आएको छ। यस्तो अवस्थामा कुनै पनि पार्टीले आन्दोलन जस्तो कार्यमा त्यस्तो कार्यकर्तालाई उतार्नु हुन्छ कि हुँदैन भन्ने नैतिक प्रश्न पनि खडा हुन्छ। यसर्थ उहाँको मृत्युको जिम्मेवारी राप्रपा पार्टी स्वयम्ले लिई परिवारजनको उत्तरदायित्व समेत पार्टीले बहन गर्नु आवश्यक छ।

अर्को मुख्य कुरा राप्रपाले गरेको मागको हो। राजतन्त्र नेपाली जनताले २५० वर्षसम्म भोगेको तन्त्र हो। राजतन्त्र भनेको व्यक्तिवादी तन्त्र वा शासन पद्धति हो। जहाँ एक व्यक्ति जन्मजात राष्ट्रको उत्तराधिकारी बन्दछ। यस्तो व्यवस्थाले व्यक्ति र उनका वरपर बस्ने चाटुकार हरुलाई फाइदा भए पनि समग्र देशकै हित भने हुन सक्दै न भन्ने कुरा नेपाली इतिहासले छर्लंग पारेको छ। यसको ठाउँमा विधिको शासन हुनु नै महत्वपूर्ण छ। नेपालमा गणतन्त्रको स्थापना भए पनि यो पूर्णरुपमा कार्यान्वयनमा आइसकेको छैन। नयाँ शासन व्यवस्था अनुरुपको नीति, नियम तथा ऐनहरु निर्माण सम्पन्न भएका छैनन्। तसर्थ अहिले नै शासन व्यवस्थाको विरोधगरी पश्चगामी कदम चाल्नु कुनै पनि दृष्टिकोणले उपयुक्त छैन। व्यक्ति होइन विधिको शासन नै उपयुक्त हुन्छ।

देश संकटग्रस्त अवस्थामा

शिक्षामा बाआमाले, परिवारले, समाजले र देशले जे जति लगानी गऱ्यो सबै खेर गएको छ। न अविभावक, न परिवार न राज्य कसैले लगानीको प्रतिफल पाउन सकेको छैन।

✍ कृष्णहरि देवकोटा

यतिखेर देश अत्यन्त संकटग्रस्त अबस्थाबाट गुज्रिरहेको छ। घरघरमा समस्या छ, परिवारमा समस्या छ, देशको राजनीति डामाडोल छ, पार्टीहरु सबैले आफ्नो सिद्धान्त गुमाएको अबस्था छ। कर्मचारीहरु राजनीति र भ्रष्टाचारको कुकर्मले ग्रसित छन्। जनताले सेवा सुविधा केही पाउन सकेका छैनन्। विकासका काम सबै ठप्प छन्। युवाहरु विदेशीको दासदासीका रुपमा बेचिएका छन्। परिवार क्षतविक्षत छ। पहिलेदेखी मिलेर बसेको समाज विभाजित तथा खण्डित छ। सहयोग र सद्भाव हराउँदै गएको छ। आज परिवारका सदस्यहरु तितरवितर छन्। सँगै बसेर दुःखसुखमा साथ दिन पाइरहेका छैनन्।

समय अनुसार देशमा औद्योगिकिकरण हुनु पर्ने। लाखौं युवाहरुलाई रोजगारी दिलाउनु पर्ने। तर पंचायतको पालामा खुलेका उद्योगहरु सबै बन्द छन्। स्कुल कलेज, सरकारी संस्थाहरु सबै दलहरुको भर्तिकेन्द्र बनेका छन्। नेताहरुका दासहरुले मात्र भरिएका विश्वविद्यालयहरु अहिले विद्यार्थी विहिन भै सकेका छन्।

देशलाई आवश्यक सकृय जनशक्ति बाहिर भएकोले देशको हरेक व्यवसाय संकटमा छन्। कुनै पनि व्यवसाय राम्ररी चल्न नसकेर कमाई हुन नसकेकोले मानिसहरु बैंकहरुको ऋण तिर्न सकेका छैनन्। सहकारीहरुले जनताका पैसा डुवाएर आफैं पनि समाप्त भैसके। बैंकहरु लगानी गर्न नपाएर संकटमा परिसके। केही बैंक र वित्तीय संस्थाहरु जनताका सहयोगी हुनुको सट्टा चक्रवर्ती व्याज लिने नयाँ खालका सामन्त तथा शोषक बनेका छन्। शोषणको विरुद्ध जनता सडकमा आउँदा पनि समाधान निकाल्न सकेको अवस्था छैन। जुनै सरकार बनोस् यो समस्याको समाधान हुन सक्ने देखिदैन। देशमा यावत समस्याहरु छन्। कलेजहरु बन्द भइरहेका छन्। विद्यार्थीहरु सबै विदेश तिर लागिरहेका छन्। विश्वविद्यालयहरु नै बन्द हुने हुन् कि भन्ने अवस्थामा छन्।

सरकारमा रहेकाहरु सत्ता कसरी टिकाई राख्ने भन्नेमा छन्। पार्टीहरुमा जनताको विश्वास छैन। पार्टीहरु नै पनि आफ्नो अस्तित्वलाई कसरी जोगाउने भन्ने अवस्थामा छन्। सत्ता बाहिर रहेमा पार्टीहरु टिक्न सकिन्न भनेर डराएको अवस्था छ। त्यसैले जसरी पनि सत्तामा रहिरहने प्रयासमा छन्। जनतालाई सिद्धान्तका कुरा गरेर जनतालाई पटकपटक झुक्याएर चुनाव जितेर त आए। अहिले सिद्धान्त विहिन गठबन्धन गरेर सत्तामा टिक्ने खेल मात्र रचेका छन्। जनताका समस्या समाधान गर्छौं भने तर कुनै पनि समस्याको समाधान गरेनन्। हरेक सेक्टरका जनता यतिखेर समस्याले प्रताडित बनेका छन्। राज्यले जनताको अविभावकत्व प्रदान गर्नु पर्ने हो तर पार्टी भित्र नै खराव नेताहरु हावि भएकोले पार्टीहरु नै राम्ररी चल्न सकेका छैनन्। प्राय सबै शिर्ष नेताहरु भ्रष्टाचारको चंगुलमा फँसेर बदनाम बनेका छन्। जनताको विश्वास गुमाएका छन्। सुनकाण्ड, जहाज काण्ड, भुटानी शरणार्थी काण्ड आदि काण्डैकाण्डमा नेताहरु फँसेका छन्।

हाम्रो परम्परागत शिक्षा प्रणालीलाई नयाँ शिक्षाको नाममा २०२८ सालबाटै ध्वस्त पारियो। अहिले न हाम्रो मौलिकताको शिक्षा रह्यो न तथाकथित आधुनिक शिक्षामा नै अगाडि बढ्न सक्यो। शिक्षा प्रणाली नै खराव भएकाले यसको प्रभाव समाजमा परिररहेको छ। शिक्षा देशलाई काम लाग्ने छैन। पढेका युवाहरु बेरोजगार छन्। हाम्रो पुरानो पद्धति पनि रहेन। नयाँ शिक्षा पनि देशको आवश्यता अनुसारको हुन सकेन। यो पढाईले स्वदेशमै काम पाउने अवस्था रहेन। यहाँ बसेर काम गर्ने अवस्था नरहेकोले सबै विदेश पलायन हुने अवस्था रहेको छ।

शिक्षामा बाआमाले, परिवारले, समाजले र देशले जे जति लगानी गऱ्यो सबै खेर गएको छ। न अविभावक, न परिवार न राज्य कसैले लगानीको प्रतिफल पाउन सकेको छैन। जति पढेका भए पनि विदेशीका खेताला भएका छन्। कोही पनि देशमा नै रहेर पुरानो बाउबाजेले गरेको पेशा व्यवसाय गर्न तयार छैन। हाम्रा विद्यार्थीहरुलाई पश्चिमा शिक्षा सिकाइएको कारण उनीहरु बाआमाले अँगालेको पेशा व्यवसाय गर्न तिर नलागी विदेशमा नै जाने भएका छन्। विदेश जानबाट रोक्ने कुनै प्रयास गरिएको छैन। विदेश जाउन भनेर खुकुलो नीति बनाएर युवाहरुलाई विदेश नै पठाउने नीति लागु गरिएको छ। आज एक तिहाई जनसंख्या विदेशमा छ। परिवार खण्डित बनेको छ। व्यक्तिहरु एकलकाटे बनेका छन्। पहिले एक आपसमा मिलेर बस्ने, एकले अर्कोलाई सम्मान आदरसत्कार गर्ने हाम्रो परम्पर तोडिएको छ।

२०५२ सालको आन्दोलन, ०६२/६३ पछिको गलत राजनीतिले त झनै समाजलाई संकटग्रस्त बनाएको छ। मिलेर बसेको समाज र परिवार खण्डित बनेको छ। गाउँहरुमा जुन प्रकारले मिलेर बसेको समाज थियो, आपसमा जुन सद्भाव थियो त्यो सबै समाप्त भयो। पेशा व्यवसाय गरेर बसेका गाउँलेहरुलाई गाउँमा बस्न नसक्ने अवस्था बन्यो सबै सहर तर्फ लाग्ने अवस्था सिर्जना गरियो। जस्ले गर्दा गाउँ रित्तियो र सहर पनि संकटग्रस्त बन्यो। सहरमा पनि सहरिया गरिवहरुको संख्या बढ्यो, सुकुम्वासी समस्या चर्को रुपमा देखा पऱ्यो। खानेपानी समस्या, बेराजगारी समस्या, फोहरमैलाको समस्या, अपराधिक क्रियाकलापको समस्या झनै बढ्दै गयो। न रह्यो बाँस न बन्यो मुरली भने जस्तै भएको छ। गाउँका संरचना सबै समाप्त भए। गाउँमा बस्ने कोही छैन। न सहरहरु नै व्यवस्थित बन्न सके। जतातै तहसनहस छ।

देशको कृषि प्रणाली सबै ध्वस्त बन्यो। गाउँका सबै जसा जमीनहरु बाँझा रहेका छन्। कृषिमा हामी पहिलेदेखि आत्मनिर्भर थियौं। यसमा पनि अहिले आएर परनिर्भर रह्यौं। आत्मनिर्भर हाम्रा गाउँहरु सबै परनिर्भर बने। अहिले देशको आर्थिक अवस्था नै संकटमा छ। जस्ले गर्दा समाज र परिवार सबै प्रताडित बनेको छ। सबैमा व्यक्तिबादि चिन्तन बढेको छ। सहयोग र सद्भाव हराएको छ। यसले गर्दा जातीय, धार्मिक, क्षेत्रीय द्वन्द्व बढाइरहेको छ। सामाजिक, आर्थिक, राजनीतिक सबै क्षेत्र यतिखेर संकटग्रस्त बनेको छ।

यो सबै समस्यालाई समाधान गर्न राज्य सक्रिय भएर लाग्नु पर्ने, त्यो हुन सकेको छैन। यी समस्याका समाधानको लागि त सबै दलहरु एक भएर लाग्नु पर्ने, एक हुन सकिरहेका छैनन्। दल भित्रै गुट उपगुट खडा भएका छन्। दल भित्रकै नेताहरुमा फुट छ। देशको पुनर्निर्माणको लागि राष्ट्रिय सहमति जुट्न त धेरै परको कुरा देखिएको छ। दलहरु पनि आफ्नो धरातलमा टेकेर राजनीति गरेको देखिन्न। सबै दलमा बाहिरी शक्तिका एजेन्टहरु प्रबेश भएकाले सही निर्णय गर्न सक्ने कुनै दलहरु देखिन्नन्। आपसी मिलाप गरेर देशका मुद्दाहरुको समाधान गर्ने अवस्था देखिँदैन। देशको अवस्थालाई नियाल्दा के देखिन्छ भने जनता परिवर्तन खोजिरहेका छन्। दलहरु परिवर्तन दिन सक्ने अवस्थामा छैनन्। यसले गर्दा यो व्यवस्था नै संकटमा पर्ने हो कि भन्ने पनि देखिन्छ। जनताले धेरै समय पर्खिसके तर प्रजातन्त्र पुनर्स्थापना भएको यतिका बर्ष हुँदा पनि विकास र सम्वृद्धि तर्फ मुलुक अगाडि बढ्दैन भने जनताको धैर्यको बाँध टुट्न सक्दछ। नेपाली जनता अत्यन्तै धैर्यवान भएर मात्र हो अव धैर्यताको स्थिति रही रहन सक्ने अवस्था छैन। अब सबै दलहरुले बुझ्ने बेला आएको छ। साना मसिना विवादहरुमा अल्झेर अब बस्नु हुँदैन मिलेर देश बनाउने काममा जुट्नु पर्दछ। आर्थिक सामाजिक सुधारमा सबै दल एक भएर अगाडि बढ्नु बाहेक अर्को विकल्प देखिदैन। यो नयाँ बर्षले हाम्रा नेताहरुको विचारमा परिवर्तन ल्याउन सकोस्। यही शुभकामना छ।

विश्व कीर्तिमानी गीतकार डा. उपाध्याय सम्मानित

काठमाडौं/विश्व कीर्तिमानी गीतकार एवं उपन्यासकार डा.डी.आर. उपाध्याय सम्मानित हुनुभएको छ। युगेन्द्र-लक्ष्मीकान्त अन्तर्राष्ट्रिय अनुवाद पुरस्कार गुठी, सिलगढी, भारतले बुधबार काठमाडौंमा एक विशेष समारोहबीच उहाँलाई सम्मान अर्पण गरेको हो।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ कलाकार मदनदास श्रेष्ठले उपाध्यायलाई सम्मान अर्पण गर्नु भएको थियो। सर्जक उपाध्यायलाई सम्मानपत्र, मेडल, मायाको चिनो, दोसल्ला, टोपी, रुद्राक्ष/फूलको माला र टीका तथा फूल वर्षासहित सम्मान गरिएको थियो।

गुठीका अध्यक्ष साहित्यकार राधेश्याम लेकालीको सभापतित्वमा आयोजित सो कार्यक्रममा मिलापका सम्पादक कृष्ण भूसालले सम्मानित स्रष्टा डी.आर.को परिचय राख्नु भएको थियो। कार्यक्रममा प्रमुख अतिथि मदनदास श्रेष्ठ, अध्यक्ष राधेश्याम लेकाली, विशिष्ट अतिथिहरू वरिष्ठ इतिहासविद् प्रा.डा. सुरेन्द्र केसी, गीतकार संघका निवर्तमान अध्यक्ष गीतकार चूडामणि देवकोटा, साहित्यिक पत्रकार संघका पूर्वअध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठ, सम्मानित स्रष्टा विश्व कीर्तिमानी सर्जक डा. उपाध्यायले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) का केन्द्रीय उपाध्यक्ष कवि राजेन्द्र श्रेष्ठलाई स्वागत सम्मान गरिएको कार्यक्रममा विशेष अतिथिहरू गीतकार संघका अध्यक्ष वसन्त बित्यासी, समालोचकहरू प्रमोद प्रधान र प्राडा गोविन्दमान सिंह कार्की, साहित्यकारहरू खेमनाथ दाहाल र लेखनाथ पोखरेलको उपस्थिति थियो।

डा. उपाध्यायले विभिन्न विधामा १५३ विश्व कीर्तिमान कायम गर्नुभएको छ। यस्तै, उहाँका एक दर्जन बढी उपन्यास, तीन गीति पुस्तक र ३६ एल्बम सार्वजनिक भएका छन्। दुई सय पचासको हाराहारीमा गीत सार्वजनिक गर्नुभएका उपाध्यायका सयौं गीतका भिडियो पनि सार्वजनिक छन्।

युगेन्द्र क्षेत्री अनुवाद अन्तर राष्ट्रिय पुरस्कार आफ्ना श्रीमान् युगेन क्षेत्रीको नाममा र लक्ष्मीकान्त जोशी राष्ट्रिय अनुवाद पुरस्कार आफ्ना पिता लक्ष्मीकान्त जोशीका नाममा सूचना संवाद संजालकी सम्पादक साहित्यकार ललिता क्षेत्रीले स्थापना गर्नुभएको हो। *तस्बिर : सुरेन्द्र थापा*

'चिपगु नील:' कथामा निर्मित लघुचलचित्र अन्तिम चरणमा

- **मेरो संवाददाता**

काठमाडौं/वरिष्ठ कथाकार केशरमान ताम्राकारको लोकप्रिय नेपालभाषाको कथा 'चिपगु नील:' (जुठीएको चोखोपानी) मा आधारित भएर नेपालभाषाको लघुचलचित्र निर्माण हुने भएको छ।

निर्देशक योवन शाक्यको निर्देशनमा लोकप्रिय गीत 'ऐला लू वया' म्यूजिक भिडियोकी नेरिशा महर्जन र मनोज महर्जनको प्रमुख भूमिका रहेको लघुचलचित्रमा नविन थेच्वमि, गंगा महर्जन, सुनिता श्रेष्ठ, सलिना महर्जन, चिरि बावु महर्जन, हसना महर्जन र बाल कलाकारको भूमिकामा ओस्मि रंजितको अभिनय देख्न सकिन्छ।

निर्देशक योवन शाक्यले लघुचलचित्रको काम अन्तिम चरणमा पुगीसकेको र चाँडै नै एक

प्रिमियर कार्यक्रमको आयोजना गरी सार्वजनिक प्रदर्शन गरिने जानकारी दिनुभयो।

चलचित्रमा रकि महर्जनको छायांकन रहेको छ भने डबिङ्ग तथा ब्याकग्राउण्ड म्यूजिक यचु शाक्यको रहेको छ। स्याज स्टाइलको भेषभूषा रहेको लघु चलचित्रमा सुष्मा परियारले कलाकारहरुको श्रृंगार गर्नुभएको छ। नेवा: इन्टरटेन्मेन्टको निर्माण रहेको लघुचलचित्रमा संवाद उमेश स्थापित, कला निर्देशन राज्यलक्ष्मी महर्जन, व्यवस्थापन ओम रंजितकार र सजना महर्जन तथा निर्माण नियन्त्रण उजय शाहीको रहेको छ।

हाल डबिङ्गको क्रममा रहेको लघु चलचित्रको पटकथा लेखन निर्देशक शाक्यकै रहेको छ।

नयाँ वर्ष २०८१ को हार्दिक शुभकामना

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

संगीत चर्चा

लय/ताल

✍ गंगादेवी महर्जन

संगीत कर्णप्रिय हुन ताल, लय, सुर, मिल्न अत्यन्त जरुरी छ। राग राम्रो हुन वा बन्न ताल लय सुर भयो भने मात्र रागको महत्व हुन्छ। रागको पनि फरक फरक किसिमको ताल हुन्छ। एक जना मान्छेको बानी व्यहोरा फरक भने झैं रागको पनि फरक फरक हुन्छ। जस्तै कुनै राग राती गाउने ५ स्वर, ६ स्वर लाग्छ। राग सास हो भने मुटुको ढुकढुकी ताल/लय हो। एउटै लयमा जाने जस्तै घडीको सुई एकै नाशमा जानेलाई लय भनिन्छ। जुन लय चलिरहन्छ गायन नसकिएसम्म त्यो दोहरी रहन्छ।

समग्रमा भन्नुपर्दा संगीतमा समयको मापन गर्ने एकाईलाई ताल भनिन्छ। तालालाई मात्रामा गनिन्छ। ताली बजाउँदा एक तालिदेखि अर्को तालिसम्मको दुरीलाई एक मात्रा भनिन्छ। यसै मात्राको आधारमा तालालाई विभिन्न तालहरुमा विभाजन गरिएको छ। भारतीय संगीतमा मार्गी र देशी गरी तालालाई विभाजन गरिएको पाइन्छ। भरतनाट्य शास्त्रमा मार्गी ताल ६० वटा र देशी ताल १२० वटा उल्लेख गरिएको पाइन्छ। यी सबैको यहाँ चर्चा गर्न सम्भव देखिँदैन। तर केही निश्चित तालहरुको संक्षिप्त जानकारी यहाँ प्रस्तुत गर्ने जमर्को गर्नेछु।

अर्को महत्वपूर्ण कुरा के हो भने संगीतको तीनवटै हाँगाहरु गीत, वाद्य र नृत्य तालमा नै आधारित हुन्छन्। ताल विनाको गीत, वाद्य र नृत्य प्राणविहीन शरीर जस्तै हुन्छ। कुनै पनि गीत, नृत्य व वादन निश्चित समयमा निश्चित मात्राको प्रयोग गरी निर्माण भइरहेको हुन्छ। सामान्यत: नेपाली संगीतमा प्रयोग हुने तालहरु दादरा, कहरवा, रुपक, झप, त्रिताल आदि हुन्। नेवार समुदायमा चो ताल, प्रताल, लंताल जस्ता तालहरु पनि प्रचलित रहेका छन्। यी तालहरुका बारेमा क्रमश: चर्चा गर्दै जानेछु।

राग गायनमा प्राय जसो त्रितालको प्रयोग गरिने गर्दछ। हुनत अन्य तालहरु पनि यसमा प्रयोग गरिन्छन्। तर प्राय राग गायनमा त्रितालकै प्रयोग भएको देख्न सकिन्छ। विशेष गरी खयाल गायनमा त्रितालकै प्रयोग धेरै गरेको पाइन्छ। एउटा ताल निर्धारण गर्न ताली, खाली, विभाग, मात्रा र बोलले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। उदाहरणको रुपमा त्रितालालाई यहाँ प्रस्तुत गर्दछु।

मात्रा	१	२	३	४	१	२	३	४	१	२	३	४	१	२	३	४	१
बोल	धा	धिं	धिं	धा	धा	धिं	धि.	धा	धा	तिं	तिं	ता	ता	धिं	धि.धा		धा
	x				२				०				३				x

उपरोक्त अनुरुप त्रितालमा चार चार मात्राको चार वटै विभाग हुन्छ। x चिन्हले सम वा सुरुको तालिलाई जनाइन्छ भने त्यसपछिका अंकहरुले तालिको संख्या जनाउँछ। ० ले भने खालिको अवस्था वा ताली नबजाइने ठाउँको संकेत गर्दछ। तालले लयको पनि निर्धारण गरिरहेको हुन्छ। लयको बारेमा हामी आगामी अंकमा चर्चा गर्नेछौं।

नेवा: एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेस:
थीथी सिरपा: त्याका दिसँ।
ब्वतिया निंतिं फोन ल्या:
०१४३३४२२२

नेवा: स:
नेवा: एफएम १०६.६ मेगाहर्ज
Newa FM 106.6 MHz
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंकं प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेडेमिया निंतिं
अनक मिडिया प्रा. लि.
न्यामासिमा, किप-२, ललितपुर।
फोन ल्या: ४३३७२२१, ४३३४२२२
इ-मेल : ankmedia.newafm@gmail.com
ANK MEDIA Media for Social Good
ह्मो पात्रो

थिमिको बालकुमारी मन्दिर

थिमिको बालकुमारी मन्दिरमा हरेक वर्ष बैशाख २ गतेका दिन भव्य सिन्दुरे जात्रा हुने गर्दछ । यस मन्दिर परिसरबाट सुरु हुने बालकुमारी जात्राका क्रममा थिमिका विभिन्न देवीदेवताहरुको समेत खटजात्रा हुने गर्दछ । तस्वीर : अद्वितीय महर्जन ।

विश्वध्वज यात्रा खः बिस्का जात्रा

✍ **कृष्णकाजी मानन्धर**

स्वनिगः दुनेया कला संस्कृति, तजिलजि, संस्कार व सम्पदां नेवाःतय्गु गौरवशाली इतिहास न्हय्ब्वयाच्वंगु दु। जात्रा नं नेवाः संस्कृतिया छगू पक्ष खः। यक्वः धइ थें नेवाःतय्सं स्थानीय शक्तिपीठ पुजा यानाः खतय् तयाः जात्रा हनी सा गनं गनं ख्वाःपाः पुयाः प्याखं हुलाः तकं जात्रा हनावयाच्वंगु लुइकेफु।

पुलांगु नेवाःबस्ती थीथी द्यः खतय् तया जात्रा हनेगु यानावयाच्वंगु दुसा स्वनिगःया यक्वः धइ थें नेवाःबस्ती मेमेगु कथं नं जात्रा हनाच्वंगु दु।

नेवाः समुदायं हनावयाच्वंगु स्वीगु स्वयां अप्वः नखःचखः व जात्रा मध्ये खाइसंल्हू अथे धइगु बैशाख संल्हूया लसताय् बिस्का जात्रा हनी। थुगु जात्रा विक्रम संवत्या न्हूगु दँया लसताय् थ्यंमथ्यं छवाः तक हनेगु चलन दु। ख्वप, थिमि, नगदेश, बोडे, टिगनि, खंपु, टोखा आदि थासय् यःसिं थनाः बिस्काः जात्रा हनावयाच्वंगु दुसा नाला, भ्वँत, पन्ति, लुभु, ठैब, सुनागुथि आदि थीथी पुलांगु नेवाः बस्ती न जात्रा हनेगु यानावयाच्वंगु लुइकेफु। बिस्काः जात्रा व थुकिया नामकरण सम्बन्धय् सर्प स्याःगु सम्बन्धिया किवदन्ति लोकंह्वाः।

थुकी न्हापांगु बाखनय् राजकुमारीया न्हासं पिहाँ वःपिं सर्प छम्ह राजकुमारं स्याःगु व शान्ति सुव्यवस्था कायम याःगु बाखं लोकंह्वाः।

थुकथं हे लिच्छवि जुजु शिवदेव निम्हम्हया पालय् पूर्वया किराँतीतय्सं हःताः याःगु इलय् शेखर आचाःजु नांयाम्ह छम्ह पुरोहित तान्त्रिकं द्वलंद्वःया ल्याखय् धुँया भेष धारण यानाः इमित ख्यानाछ्वत।

थुगु खँ सीका तान्त्रिकया तिरिं अजिङ्गर जूगु स्वय् धका धिपि यात। थः तिरिया इच्छा पूवंकेत आचाःजुं तन्त्र यानाः किगः बियाः स्वय् गात कि थ्व हे किगलं कय्कि धकाः बियाः थः अजिंगर जुल। तान्त्रिकया तिरिं अजिङ्गर खनाः ग्यानाः किगलं मकय्कूसें बिस्यू वन। तान्त्रिक किगलं कय्कीगु आसय् वया ल्यू ल्यू वन। तिरिम्ह ग्यानाः ल्हातय्च्वंगु किगः थम्हं हे नल गुकिं यानाः उम्ह मिसा नं अजिङ्गर जुल। थथे अजिङ्गर जुइवं जीवनप्रति बिरक्त जुसें आत्महत्या यात। थुगु खँ सीका जुजुं इमिगु लुमन्तिइ सीपिं सर्प यःसिँनय् यःखाना जात्रा हन। गुगु जात्रा लिपांगु ईया यःसिं थनाः हनीगु बिस्काः जात्रा खः धइगु धापु दु। थुकथं हे बि अथे धइगु सर्प स्यानाः हंगु जात्रा जूगुलिं थुगु जात्रायात बिस्यानाः जात्रा धाःगु खः। बिस्याना जात्रा खँग्वः अपभ्रंस जुयाः बिस्का जात्रा व बिस्केटजात्रा जूगु नं धापु लोकंह्वाः। उकिं मध्य थिमी हनीगु बिस्का व बिस्केट जात्रा अनया जम्मा जम्मी ३२ खः दुथ्याकाः हनीगु जात्रा जूगुलिं न बत्तिस खः अपभ्रंस जुया बिस्केट जू वंगु धापु दु। तर थुकिया छुं हे आधिकारिक प्रमाण धाःसा आःतक मलूनि। थीथी अध्ययनया इवलय् गौतमीपुराणय् दकले न्हापां बिस्काः जात्राया खँ न्हय्थनातःगु दु। गुकी चैत्र महिनाय् विश्वयात्राया लसताय् झण्डा ब्वय्कल धाःसा फुक्क दुःख व शत्रु नाश जुइगु न्हय्थनातःगु दु। थ्वहे श्लोकया लिधंसाय् फुक्कसिया भिं जुइमा धइगु मनंतुसें चैत्र महिनाय् सूर्द्यः मीन राशीं मेष राशीइ दुहाँ वंगु ई अथे धइगु मेष संक्रान्तिया इलय् विश्वयात्राया लसताय् झण्डा ब्वय्केगु परम्परा दु। विश्वयात्राया लसताय् भिंतुना देछासें हनिगु थुगु जात्राय् ब्वय्किगु झण्डा गुकियात विश्वध्वज धाइ मेगु खँग्वः कथं यःसिं जुइगु ला स्वभाविक हे जुल। थुकिया लिधंसाय् नं विश्वयात्राया लसताय् झण्डा ब्वय्केगु परम्परा यःसिं थनीगु परम्परानाप ज्वः ला। थुगु प्रमाणया हुनिं बिस्काजात्राया पुलांगु खँग्वः विश्वयात्रा हे खः धइगु तप्यंक क्यं।

पुलांगु अभिलेखय् बिस्काः जात्रायात विश्वयात्रा धका न्हय्थनातःगु दु। थुकिं मध्ये ख्वपया टौमढी त्वालय् च्वंगु भैलःद्यःनापसं च्वंगु ल्वहंहितिइ च्वंगु पुलांगु अभिलेखय् बिस्काः जात्रायात विश्वयात्रा धकाः न्हय्थनातःगु दु। अनं लिपा यक्व हे ल्याखय् थीथी थासय् लूगु अभिलेखय् तकं विश्वजात्रा हे न्हय्थनातःगु दु। थुकिं याना न विश्वजात्रा खँग्वः अपभ्रंस जुयाः बिस्काः जात्रा जूगु धइगु खँ अःपुक्क धायफु। राष्ट्रिय अभिलेखालयस दुगु छगू ग्रन्थय् नं ने. सं. ७४१ चैत्र शुक्ल पुर्णिमाय् भैलःद्यः क्वःदःगु व यःसिं थनाः पूजा याःगु न्हय्थनातःगु दु। यःसिंनय् हलिं पताः ब्वय्कीगु या गुकी वैदिक, तान्त्रिक मङ्गलचिं व अष्टमङ्गल चिंतकं अङ्कित यानातःगु दु।

ने. सं. ७०० निसेंया अभिलेखय् बिस्काः जात्रायात थीथी खः जात्राया रुपय् न्हय्थनातःगुलिं नं झण्डा ब्वय्काः हनीगु थुगु परम्परागत जात्रायात कालान्तरय् खः जात्रा तकं यानाः परिमार्जित याःगु खनेदु। जुजु जगज्योति मल्लं ने.सं. ७३४ -७५७ दुने ख्वप व थिमिइ खः जात्रा शुरु याःगु धलखं थुगु खँयात बः ब्यूगु दु।

बोडे, नगदेश, टिगनी व थिमि दुथ्याःगु नगरय् जम्माजम्मी ३२ खः जात्रा याइ। थिमिइ बिशेष यानाः स्वन्हुतक जात्रा हनीगु मध्ये चैत्र ३० गते विष्णुवीरया जात्रा जुइ। अथेहे, थुगु जात्रा क्वचाःगु कन्हय् खुनुया सुथय् न्हापां अथेधइगु थ्यंमथ्यं ३ बजे बालकुमारी, दक्षिणबाराही, अजिमा व हरिसिद्धि जात्रा न्हय्याइ। गुगु जात्राय् थिमिया लायकू परिसर दुने थीथी विधि पूवंका पुजा यानाः खतय् प्रतिस्थापन यापिं द्यः तप्यंक लायकुलिं दक्षिण दिशापाखे चिलाख नाप जात्रा याइ। थुगु जात्रा चान्हसिया जात्राया नामं लोकंह्वाः। चान्हसिया जात्रा क्वचायवं थिमि देशं दक्षिणपूर्वी लागाय् च्वंगु गां, चखुंती न निम्ह द्यःपिन्त खतय् तया जात्रा याइ।

थुगु लागाय् थ्यंमथ्यं सछिदँ न्थ्यःनिसें जक जात्रा हंगु याःगु प्रमाण लूगु दु। चखुंती जुइगु जात्राया इवलय् चखुं तीर्थय् म्वः ल्हुइत जःखःया गामं यक्व हे भक्तजनत वयगु याः। चखुंतीर्थय् म्वः ल्हूसा छ्यंगू व कुष्ठल्वचं मथीगु धार्मिक विश्वास दु। नाप, वैशाख १ गते विक्रम संवत् न्हूदँ नाप बहनी सिद्धिकाली अथेधइगु इनाक्व द्यः व विष्णुवीर द्यःया नेतृत्वय् छगू हे इलय् निगू बिस्कं बिस्कं जात्रा न्हयाइ।

सिद्धिकालीया नेतृत्वय् न्हयाइगु जात्रा हात्ति महांकाल त्वाःनिसें उत्तर-पश्चिम लागाय् जात्रा जुइ सा विष्णुवीरया नेतृत्वय् जुइगु जात्रा उगु त्वाःनिसें दक्षिणपूर्वी लागाय् न्हयाइ।

नेतृत्वय् सनिलय् विष्णुवीरजात्रा, बालकुमारी जःखःया त्वाः व गल्लीगल्ली चाःहीका बालकुमारी परिसरय् हे यंकाः क्वचायकी। थुगु जात्राया शुरुइ विष्णुवीर परिसरं पूर्वय् च्वंगु ताँय् द्यः क्वत यंकीगु इवलय् धिमय् बाजंया सट्टा सीबाजं अथेधइगु मनू सीबले थाइगु बाजं थाइगु परम्परा दु। अनं छुं ई लिपा लायकू ताँ जुसें न्याम्ह द्यःपिं सम्मिलित याकाः जात्रा न्हयाइ व बालकुमारी थ्यंकाः थःथःगु आसनय् दिकी।

थुगु दिं नगदेशय् नं गणेद्यःयात जात्रा याइ।

अथेहे, वैशाख २ गते थिमि देशय् मू जात्रा जुइ। गुगु जात्रा सुथसिया जात्रा वा भुइसिन जात्राया नामं लोकंह्वाः। थुगु दिंया जात्रा सुथय् थ्यंमथ्यं ८:०० बजे निसें न्हयाइ। थिमिया बालकुमारी लागाय् केन्द्रित जुइगु जात्रा न्हापांगु इलय् ३२ खः सम्मिलित याना हनीगु जूगुलिं न बिस्केटजात्रा धाःगु खः धाइपिं मनूत स्थानिय थासय् यक्व हे दु। थिमिया सिन्दुर वा भुइसिनं जात्राय् न्हापांगु इलय् नगदेशय् च्वंम्ह गणेद्यः दुथ्याकाः जात्रा याइगु चलन दुगु खः। तर लिपांगु इलय् वयाः नगदेशय् च्वंम्ह गणेद्यः उगु हे लागा व जःखःया गां टिगनी जक जात्रा यायगुलिइ सीमित जूगु दु। थुगु दिं थिमिया जात्रा क्वमचायक हे मेगु छगू न्हयाइपुसे च्वंगु जात्रा बोडे न्हयाई। बोडे धायबले थिमि देसं उत्तर दिशाय् थ्यंमथ्यं छगू किलोमिटर तापाक च्वंगु नेवाः बस्ती खः। बोडेय् न्हयाइगु जात्रा म्येप्वाः खनीगु जात्रा खः। म्ये प्वाः खंके चाहे जूम्हेसिनं प्यन्हू न्थ्यःनिसें थः शुद्ध जुयाः नियमय् च्वनेमाः।

स्वन्हू न्थ्यःनिसें छुं हे मनसें नीति नियमय् च्वनाः म्येप्वाः खंकू सा धर्म लाइगु, थःम्हं इच्छा याःगु पूवनीगु व स्वर्गय् वास लाइगु धापु दु। दां प्यदां छसिकथं म्येप्वाः खनीबले कुबीगु भेथाइपिं खड्गी समाज, कःमी नायः व नायः पःमाःयात ब्यूगु प्यन्हु लिपा कःमि नायलं ताःहाकःगु मुलुं बोडेय् म्ये प्वाः खंकी। म्येप्वाः खंकीगुयात कयाः छगु किंवदन्ती लोकंह्वाः।

परापूर्वकालय् बोडे नगरय् भूत, प्रेत, पिचाशं यक्वः हे दुःख बिइवं अनया मनूतय्सं भीमदत्त कर्माचार्य नांयाःम्ह तान्त्रिकयात थःपिनिगु दुःख कन। तान्त्रिकं भूत, प्रेत, पिचाशयात ज्वनेगु जुक्ति कथं बोडे देशय् व देय् जःखः जाः अथेधइगु तारण तल। छन्हूया दिं उम्ह दुःख बिइम्ह पिचाश जालय् क्यन व बोडेच्वंपिं मनूतय्सं उइत यातना बिल। यातना बिइगु भ्वलय् तँ म्वय्कुपिं बोडेच्वंपिं मनूतय्सं पिचाशया म्ये तकं प्वाः खनाबिल। यातना लिपा तान्त्रिकं पिचाशयात नगरय् वया सुयात न दुःख मबिइगु, अनिकाल मयायगु, महामारी ब्वलंके मबिइगु, भुखाय् मब्वय्केगु, अतिवृष्टि व अनावृष्टि मयायगु नाप न्हयूदँ तक कोछिनातःगु इलय् वया म्येप्वाः खँकेबिइगु व बोडे नगरयात धार्मिक नगर यायगु थें जाःगु न्हय्गु बचँनाप त्वःतगु धापु दु। बचँ कथं न्हयूदँ तक कोछिनातःगु इलय् वया पिचाशं म्ये प्वाः खँकेब्यूगु व च्यादँ निसें नगरय् तकं मवःगु धापु दु। अनं लिपा उगु हे खुशीयाली नगर दुनेच्वंपिन्सं हलिमय् गनं मदुगु म्ये प्वाः खनीगु परम्परा आःतक म्वाकातःगु दु।

नेपाःयात हलिमय् तकं म्हसीकीगु थज्यागु परम्परा भीगु म्हसीका खः, म्वाका तय्गु दायित्व खः, थुइत सरकारं तकं छुं भतिचा ग्वाहालि यायगु खःसा गबलें हे तनी मखु।

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - १२४

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गुलाफ जल, सं.(-प्ति)	गुलाफ स्वांया नंदुगु लः।	गुलाफ जल, गुलाफबाट निकालिएको सुगन्धित अर्क।
गुलि, सं.	१. ग्वलाक दय्का तःगु छुं छां।	गुटिका।
	२. न्या लाइगु जालय् झ्यातुकेत घाइगु गुलि।	माछा मार्ने जालमा झुन्ड्याइने गोलो गोलो भार।
गुलि चिने, क्रि.	गुलि दय्के, धें गुलि पिकाये।	गुटिका बनाउनु, कोसाबाट गेडा तुल्याउनु वा छोडाउनु।
गुलिमरि, सं. (गः)	गुल्मरि, गुलि गुलि चिना तःगु मरि।	गुलिमरी रोटी।
गुलि व्हले, क्रि.	जाः चकंके।	जाल फिजाउनु।

हलिं नेवाः गुथि गतिविधि

सांस्कृतिक संरक्षित क्षेत्र कार्यदलया ससुपुजा



• **मेरो संवाददाता**

यैं/सांस्कृतिक संरक्षित क्षेत्र कार्यदलया ग्वसालय् वंगु शनिवाः परम्परागत कथं नासः पुजा व ससुपुजा न्यायेकूगु दु।

हलिं नेवाः गुथिया केन्द्रीय नायः विनोद महर्जनया कजिसुइ दुगु मकवानपुर जिल्लाया थाहा नगरपालिका दुनेया सांस्कृतिक संरक्षित क्षेत्र निर्धारण यायेत दयेकातःगु कार्यदलं नेवाः संस्कृतिकथं ससुपुजा व नासः पुजा न्यायेकूगु खः।

ज्याइवलय् गुरु गोविन्द महर्जन, स्थानीय समाजसेवी हरि गोपाल श्रेष्ठ, विष्णुलाल श्रेष्ठ, विश्व महर्जन, बलराम श्रेष्ठ, मंगलाल महर्जनलिसें कार्यदलया जःपिसं ब्वति काःगु खः।

महाकवि जोशीको ८६ औं जन्म जयन्ति मनाइयो

• **रिदेन महर्जन**

काठमाडौं/काठमाडौं रत्न राज्यलक्ष्मी क्याम्पसको करिब ४५ बर्ष पूरानो गौरवमय इतिहास बोकेको सुकुन्दा साहित्य पालाद्वारा महाकवि गिरिजाप्रसाद जोशीको ८६ औ जन्म जयंति मनाउने कार्य सम्पन्न भयो ।

महाकविको जन्मदिन चैत २४ गते शनिबार पारेर गरिएको कार्यक्रममा भर्खरै बित्नु भएका महाकवि गिरिजाप्रसाद जोशीका एक शिष्य लगायत नेपालका प्रथम केमीकल इन्जियर र साहित्यकार राजदास श्रेष्ठको सम्झनामा गुणानुस्मरण गरी १ मिनेट मौनधारण गरि शुरु भएको थियो । सुकुन्दा साहित्य पालाको इतिहासमै प्रथम पटक अनलाइन जुम मार्फत भएको कार्यक्रमका प्रमुख अतिथि वर्ल्ड नेवा अर्गनाइजेशनका संस्थापक अध्यक्ष डा. बाल गोपाल श्रेष्ठले महाकवि गिरिजा प्रसाद जोशीको योगदान बारे प्रकाशन पार्नु हुँदै आफुहरु भाग्योदय मा.वि.मा पढदै गर्दा महाकवि गिरिजा प्रसाद जोशी शिक्षक भई अङ्ग्रेजी र नेपालभाषा विषय अध्यापन गराउनुका साथै स्कुल र सांखु शहरभित्र अनेकन साहित्यिक कार्यक्रम गर्ने लगायत विद्यार्थीहरुलाई विभिन्न हस्तलिखित पत्रिका प्रकाशित गर्न लगाएको साथै उहाँकै उपस्थितिमा साँखुमा भाषा साहित्य मुँज्या खलः गठन भएको र सो संस्थाको प्रथम अध्यक्ष भइ विविध साहित्यिक कार्यक्रम सांस्कृतिक कार्यक्रम गर्ने गरेको र महाकवि गिरिजा प्रसाद जोशीले रचना र संगीत भरेका जनताका गीत गाउने जस्ता कार्यहरु गर्ने गरेको स्मरण सुनाउनु भयो ।

महाकाव्यदेखि थुप्रै कृति छाडेर जानुभएका महाकवि गिरिजा प्रसाद जोशी ४९ वर्षको अल्पायु वितेर जानु भएपनि आफु लगायत नेपालभाषा क्षेत्रका धेरै साहित्यकारहरुका प्रेरणाका श्रोत भएको उहाँले बताउनु भयो । प्रमुख अतिथि श्रेष्ठले महाकविकै प्रेरणामा आफूले साहित्यिक सृजनामा लागेको र मातृभाषाको सेवामा अहिलेसम्म लागि पर्न सकिरहेको जनाउनु भयो ।

प्रमुख अतिथि श्रेष्ठले भर्खर वित्नु भएका भाषासेवी राजदास श्रेष्ठको निधनप्रति गहिरो शोक प्रकट गर्नु हुन्दै यो नेपालभाषा क्षेत्रको लागि ठूलो क्षति भएको कुरा बताउनु भयो । रत्न राज्यलक्ष्मी क्याम्पसबाट नेपालभाषाको चौथो तह अध्यापन पूरा गरेका रुपा शाही, साहित्यकार रामेश श्रेष्ठ, सुकुन्दा साहित्य पालाका सचिव एवम् संयोजक रिदेन महर्जनका साथै प्रशान्त डंगोलले आ आफ्नो साहित्यिक सृजना प्रस्तुत गर्नुका साथै महाकवि गिरिजाप्रसाद जोशीका योगदानलाई सम्झने काम गर्नु भएको थियो ।

सो कार्यक्रमको संयोजक रिदेन महर्जनले आगामी दिनहरुमा नेपालभाषा तथा साहित्यक क्षेत्रमा अतुलनीय योगदान दिनु भएका महान् व्यक्तित्वहरूको कदर स्वरूप अझै सशक्त ढंगबाट साहित्यिक कार्यक्रमहरु गर्दै जाने प्रतिवद्धता जाहेर गर्नु भएको थियो । कार्यक्रमका सभाअध्यक्ष प्रशान्त डंगोलले व्यस्त समयका बावजूद पनि कार्यक्रम सफल बनाउनमा सहयोग गर्ने महानुभावहरुलाई धन्यवाद दिदै कार्यक्रम समापन गर्नु भएको थियो ।

नुवाकोटमा माङ्चेभुमे जात्रा



• **मेरो संवाददाता**

नुवाकोट/नुवाकोट जिल्ला शिवपुरी गाउँपालिका वडा नं. १ मा नयाँ बर्षको उपलक्ष्यमा भगवान माङ्चेभुमेको जात्रा लागेको छ । शिवपुरी गाउँपालिका वडा नं. १ दिङ्गाममा अवस्थित यस मन्दिरलाइ पालिकाको पुर्वी भेगका जनताहरुले शक्तीपीठको रुपमा पुज्ने गर्छन् ।

शिवपुरी गाउँपालिकाको

अध्यक्ष गोबिन्द थपलियाले रिवन काटेर उदघाटन गरिएको यस जात्रामा हजारौं भक्तालुजनहरुले प्रत्यक्ष दर्शन गरेका थिए ।

शिवपुरी वडा नम्बर १ का वडाध्यक्ष सुकुराम तामाङ सहित स्थानीय सरकारका प्रमुखहरु उपस्थित भएको यस जात्रामा दर्जनौं झाक्री समूहहरु उपस्थित भएको थियो ।

पुजा पश्चात पालिका अध्यक्षले मिडियाकर्मीहरुसँग बोल्दै सुरुवाती बर्षदेखिपालिकाबाट जात्रा ब्यवस्थापनमा बजेट हालेको जानकारी दिँदै गाउँपालिकाको नै महत्वपूर्ण धार्मिक स्थललाई पर्यटन क्षेत्रको रुपमा विकास गराउन सके यस क्षेत्रको जनताहरुको आर्थिक तथा सांस्कृतिक पाटो अझै बलियो हुने जानकारी दिनु भयो ।

वडाबाट सकेको सहयोग गरेको जानकारी दिदै वडाध्यक्ष सुकुराम तामाङले अझै यस ठाउँको प्रचार प्रसार गर्न सके आर्थिक लाभ लिन सकिने जानकारी दिनुभयो । साथै अबको दिनमा प्रदेश तथा केन्द्रको बजेट हालेर अझै ब्यवस्थीत बनाउनेमा पहल गर्ने पनि बताउनु भयो ।

नेकपा एमाले कामपा १६ वडा कमिटीको अध्यक्षमा जयप्रकाश

• **मेरो संवाददाता**

काठमाडौं/नेकपा एमाले काठमाडौं महानगरपालिका १६ वडा कमिटीको ११ औं अधिवेशनले जयप्रकाश श्रेष्ठलाई अध्यक्ष चयन गरेको छ ।

राजधानीको बालाजुस्थित बालाजी ब्याक्वेटमा गत चैत्र सम्पन्न अधिवेशनले श्रेष्ठको नेतृत्वमा ४४ सदस्यीय कमिटी सर्वसम्मत रुपमा चयन गरेको हो ।

नेकपा एमाले स्थायी कमिटी सदस्य रघुजी पन्तको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनबाट उपाध्यक्षमा सुनिल के.सी., सचिवमा रणेन्द्र महत, उप-सचिवमा समीर भण्डारी र लुना श्रेष्ठ चयन भएका छन् ।

कार्यक्रममा पार्टीका पोलिटब्यूरो सदस्यहरू आनन्द पोखरेल र रामेश्वर फुयाँल अतिथिका रूपमा उपस्थित थिए ।

नेकपा एमाले १६ वडाका निवर्तमान अध्यक्ष पुष्प महर्जनको अध्यक्षतामा सम्पन्न वडा अधिवेशनबाट अध्यक्ष पदमा चयन भएपछि श्रेष्ठले आफ्नो जिम्मेवारी गठन ढंगले निर्वाह गर्ने बताउँदै अधिवेशन सफलतापूर्वक सम्पन्न गराउन भूमिको खेल्ने सबैमा धन्यवाद ज्ञापन गरे ।



यू-२१ राष्ट्रिय खोखोमा लुम्बिनी प्रथम

• **मेरो संवाददाता**

काठमाडौं/नेपाल खोखो संघको आयोजनामा सुदूरपश्चिमको धनगढीमा चैत्र २४ गतेबाट सुरु भएको प्रथम यु-२१ राष्ट्रिय पुरुष तथा महिला खो खो प्रतियोगिताको दुवै उपाधि लुम्बिनी प्रदेशले हात पारेको छ।

पुरुषतर्फ लुम्बिनी प्रदेशले सुदुरपश्चिम प्रदेशलाई फाइनल खेलमा एक इनिङ्ग र १७ अंकले पछाडि पार्दै उपाधि हात पारेको थियो। फाइनल खेलमा हार बेहोरेको सुदुरपश्चिमले दोश्रो स्थानमा चित्त बुझाउनु परेको थियो।

यसैगरी तेश्रो स्थानका लागि भएको खेलमा बागमती प्रदेशले ७ अंक र एक इनिङ्गले कोशी प्रदेशलाई स्तब्ध पार्दै तेश्रो स्थान हासिल गर्न सफल भएको छ।

यस्तै महिलातर्फ लुम्बिनीले बागमती प्रदेशलाई स्तब्ध बनाएको थियो। फाइनल खेलमा लुम्बिनी प्रदेशले बागमती प्रदेशलाई १०-१ अंकले पराजित गर्दै प्रथम हुन सफल भएको थियो।

तेश्रो स्थानका लागि भएको खेलमा सुदुरपश्चिमले कोशी प्रदेशलाई १८-५ अंकले पाखा लगाएको थियो।

पुरुष र महिलातर्फ प्रथम, दोश्रो र तेश्रो हुने समूहलाई मेडल, ट्रफि र प्रमाणपत्रका साथमा क्रमशः ५०, ३० र २० हजार नगद पुरस्कार प्रदान गरिएको थियो।

धनगढीको त्रिभुवन माविको खेल मैदानमा भएको खेलको समापनमा सशस्त्र प्रहरी बलका नायब महानिरीक्षक कुमार न्यौपाने प्रमुख अतिथिको रुपमा उपस्थित हुनुभएको थियो। उहाँले विजेता खेलाडीहरुलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो।

नेपाल बुद्धिचाल महासंघको अध्यक्षमा हेराकाजी

• **मेरो संवाददाता**

काठमाडौं/नेपाल बुद्धिचाल महासङ्घको शनिवार सम्पन्न नवौं तथा विशेष साधारण सभाले हेराकाजी महर्जनलाई अध्यक्ष पदमा निर्वाचित गरेको छ। ललितपुरको च्यासलस्थित तुल्सिलाल स्मृति प्रतिस्ठानमा शुक्रबार र शनिबार चलेको साधारण सभाबाट खाली रहेको अध्यक्ष पदमा हिराकाजी, वरिष्ठ उपाध्यक्षमा दिपेन राई र उपाध्यक्षमा माधवप्रसाद प्रधान निर्वाचित हुनुभएको हो।

अध्यक्ष पदमा भएको निर्वाचनमा हेराकाजीले ४९ मत पाउनुभयो। उहाँका प्रतिद्वन्द्वी प्रवीण भँडेलले ३१

मत पाउनुभएको थियो। यस्तै वरिष्ठ उपाध्यक्षमा दिपेन निर्विरोध निर्वाचित हुनुभयो। उपाध्यक्षमा विजयी माधवले ४२ मत पाउँदा उहाँको प्रतिद्वन्द्वी राजाबाबु रौनियारले ३६ मत पाउनुभएको थियो। यसँगै बुद्धिचाल महासङ्घको २० सदस्सीय कार्यसमिति पूर्ण भएको छ।

साधारण सभाको बन्द सत्रमा महासचिव धरमबहादुर लामाले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष ताराबहादुर रानाभाटले आर्थिक प्रतिवेदन पेस गर्नुभएको थियो। यसअघि साधारण सभामा सात प्रदेशका ३५ जना, ५५ जिल्लाका ५५ जना, कार्यसमितिका २१ पदाधिकारी, टेक्निकल दुई, राष्ट्रिय च्याम्पियन दुई र राखेपबाट मनोनीत दुई गरी एक सय १८ जना प्रतिनिधिमध्ये ८४ जनाको उपस्थिति रहेको थियो।

नयाँ वर्ष २०८१ को हार्दिक शुभकामना

प्रो. अरुण महर्जन

अरुण दुध डेरी उद्योग

ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१

यहाँ दुध, दही, मही, घ्यु, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

हङकङलाई आठ विकेटले हराउँदै नेपाल प्रिमियर कपको सेमिफाइनलमा

• **मेरो संवाददाता**

काठमाडौं/वैशाख ३ गते सोमवार भएको एसिसी प्रिमियर कप टी-२० क्रिकेट प्रतियोगिताको तेश्रो खेलमा हङकङलाई पराजित गर्दै नेपाल सेमिफाइनलमा प्रवेश गरेको छ।

समूह 'ए' अन्तर्गत ओमानको अल इमिरेट्स क्रिकेट मैदानमा भएको तेस्रो खेलमा नेपालले हङकङलाई आठ विकेटले हराउँदै एक खेल अगावै सेमिफाइनलमा पुगेको हो। नेपाल ६ अंकका साथ समूहको शीर्षस्थानमा छ।

यसअघि समूहको पहिलो खेलमा नेपालले मलेसियालाई पाँच विकेट तथा कतारलाई ३२ रनले हराएको थियो। नेपालले अन्तिम खेल ५ गते साउदी अरेबियासँग खेल्नेछ। जितका लागि एक सय १५ रनको सामान्य लक्ष्य पछ्याएको नेपालले १२.२ ओभरमा दुई विकेटको क्षतिमा एक सय १७ रन जोड्दै पूरा गरेको थियो। नेपालका लागि आशिफ शेखले ४० रन, ओपनर कुशल भुर्तेलले ३२ रन, कप्तान रोहितकुमार पौडेलले अविजित २५ र सन्दीप जोराले अविजित १९ रन बनाउनुभयो।

बलिडमा हङकङका इशान खान र यासिम मुर्ताजाले एक एक विकेट लिनुभयो। यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको हङकङले निर्धारित १७.५ ओभरमा सबै विकेटको क्षतिमा एक सय १४ रन बनाएको थियो। हङकङका लागि आन्सी राथले सर्वाधिक ३४ रन, जेसान अलीले १४, कप्तान निजकट खानले १२ र इशान खानले ११ रन बनाउनुभयो। बलिडमा नेपालका अविनाश बोहराले तीन विकेट, ललित राजवंशी र दीपेन्द्रसिंह ऐरीले दुई दुई तथा करण केसीले एक विकेट लिनुभयो।

प्रतियोगिताको समूह 'बी' मा बहराइन, कम्बोडिया, कुवेत, ओमान र संयुक्त अरब इमिरेट्स (युएई) छन्। समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। फाइनल खेल वैशाख ९ गते हुनेछ। प्रतियोगिताको विजेता टोली सन् २०२५ को टी-२० एसिया कपका लागि छनोट हुनेछ। नेपाल प्रिमियर कपको साविक विजेता हो।

बागमती अन्तरप्रदेश खेलकूदमा प्रथम

• **मेरो संवाददाता**

हेटौंडा/बागमती प्रदेश खेलकुद विकास परिषद्ले आयोजना गरेको प्रथम अन्तरप्रदेश खेलकुदमा ६१ स्वर्ण जितेर बागमती प्रदेश पहिलो भएको छ।

बागमतीले स्वर्णका अलावा ४३ रजत र ३६ कांस्य गरी जम्मा १४० पदक जितेको छ। त्यस्तै २१ स्वर्ण जितेको सुदूरपश्चिम प्रदेश दोस्रो भएको छ। सुदूरपश्चिमले २१ रजत, २९ कांस्य गरेर जम्मा ७१ पदक जितेको छ भने तेस्रो भएको कोशीले १६ स्वर्ण जितेको छ। कोशीले २३ रजत र ३६ कांस्य गरेर ७५ पदक जितेको छ ।

यसैगरी गण्डकी, लुम्बिनी र कर्णालीले समान ११ स्वर्ण पदक जितेका छन् भने गण्डकीले १८ रजत र २० कांस्य गरी ४९ पदक जितेको छ। त्यस्तै १६ रजत र २८ कास्य जितेको लुम्बिनीको ५५ पदक छ। १० रजत र २४ कास्य जितेको कर्णालीको ४५ पदक छ।

यस्तै मधेश प्रदेशको ३ स्वर्ण, ३ रजत र १५ कांस्य गरेर २१ पदक रहेको छ। प्रतियोगितामा ९ खेलमा १३४ स्वर्ण, १३४ कास्य र १८८ कास्य पदक गरि कुल ४५५ पदकका लागि प्रतिस्पर्धा भएको थियो।

मेरो साप्ताहिक
काठमाडौं जि.प्र.का. द.नं. : ३१२/०७६/७७ मचा साझाबिक

बागमती प्रदेश सरकारका नव नियुक्त मन्त्रीहरुको सम्मान

• **मेरो संवाददाता**

काठमाडौं/बागमती प्रदेश सरकारका नव नियुक्त संस्कृति, पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्रमान बज्राचार्य, वन तथा वातावरण मन्त्री केशव प्रसाद पोखरेल र उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री प्रकाश श्रेष्ठको सम्मानमा नेपाल हस्तकला महासंघको कार्यालयमा आइतवार स्वागत तथा बधाई कार्यक्रम आयोजना गरियो।

नेपाल हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा हस्तकला क्षेत्रको दिगो विकास र प्रवर्द्धनको लागि बागमती प्रदेश सभामा दफावार छलफलको प्रकृयामा रहेको बागमती प्रदेशका १३ वटै जिल्ला र ११९ पालिकाहरुमा ती पालिकाहरुको प्रकृति अनुसार हस्तकला ग्राम स्थापना तथा संचालन अध्यादेश जति सक्दो चाँडो पारित गरि दिन अनुरोध गर्नुका साथै प्रदेश स्तरीय हस्तकला नीतिको स्वीकृति, सार्क हस्तकला विकास केन्द्र संचालन, हस्तकला व्यापार तथा हस्तकला प्रतियोगिता संचालन, हस्तकला विश्व विद्यालय स्थापनामा प्रदेश सरकारको सहयोगको लागि अध्यक्ष प्रचण्ड शाक्यले बागमती प्रदेश सरकार समक्ष आग्रह गर्नुभयो।

सो अवसरमा ३ वटै विभागीय मन्त्रीहरुले हस्तकला क्षेत्रको प्रवर्द्धनको लागि आफ्नो मन्त्रालयले आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने कार्यहरुलाई प्राथमिकतापूर्वक कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भयो। उहाँहरुले प्रदेश भित्रका मन्त्रालय तथा कार्यालयहरुमा हस्तकलाको प्रयोग बढाउने, हस्तकला ग्राम स्थापना तथा संचालन विधेयक संसदबाट पारित गरी कार्यान्वयन गराउने, आगामी आर्थिक वर्षको वजेटमा सम्बन्धित संस्थाकै नाम उल्लेख गरी बजेट विनियोजन गर्ने व्यवस्थाको थालनी गर्ने, हस्तकला नीति स्वीकृत गरी कार्यान्वयन गर्ने, वनजन्य उद्योगमा आधारित हस्तकला वस्तुको लागि आवश्यक पर्ने कच्चा पदार्थहरु काठ, दुङ्गा सहज रुपबाट उपलब्ध गराउने आदि प्रतिवद्धता उक्त कार्यक्रममा व्यक्त गर्नु भयो।

सो कार्यक्रममा महासंघका संस्थापक अध्यक्ष सागर शमशेर राणाले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो। त्यसै गरी कार्यक्रममा वरिष्ठ उपाध्यक्ष सनम शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने नेपाल हस्तकला महासंघ र हस्तकला उद्योग व्यवसायको बारेमा प्रस्तुतिकरण सहित कार्यक्रम संचालन महानिर्देशक उत्तम प्रसाद देवकोटाले गर्नु भएको थियो।

कार्यक्रममा महासंघका सल्लाहकार पूर्व अध्यक्षहरु, कार्य समितिका पदाधिकारीहरु तथा कार्य समिति सदस्यहरु, संचारकर्मीहरु र कर्मचारीहरु सहभागिता रहेको थियो।

सक्रिय युवा क्लबद्वारा रक्तदान

• **मेरो संवाददाता**

काठमाडौं/युवाहरुलाई समाजसेवामा उद्धत गराउने उद्देश्यले स्थापना गरिएको सक्रिय युवा क्लबको आयोजनामा चैत्र २४ गते शनिवारका दिन रक्तदान कार्यक्रम गरिएको छ।

नारायण परिवार क्लबको युवा संगठनको रुपमा रहेको सक्रिय युवा क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा ६१ जनाले रक्तदान गरेको जानकारी प्राप्त भएको छ।

कामपा १२ वडामा सामाजिक कार्यमा अग्रणीस्थानमा रहेको नारायण परिवार क्लब अन्तर्गतको सक्रिय युवा समूहले लायन्स क्लब अफ काठमाडौं कोरसिटीसँग सहकार्य गर्दै ओन्दे नारायणस्थानमा रक्तदान सम्पन्न गरेको हो।

बिहान ८ बजेबाट सुरु भएको रक्तदान कार्यक्रम दिउँसो १ बजेसम्म गरिएको थियो।

नयाँ वर्ष २०८१ को हार्दिक शुभकामना

पचलि भैरव रेष्टूराँ

टेकू, काठमाडौं, फोनः ०१-५३५८०२७, ५३६५५२१

Sweets/ Snacks/ Fastfood

100% Vegitarian

Please find us:

हाम्रा सेवाहरुः शुभ विवाह, ब्रतबन्ध, सभा सेमिनार, मिटिङ्ग तथा अन्य शुभ कार्यका लागि चाहिने सबै प्याकिङ्ग सहित होम डेलिभरी गरिन्छ।

काम गर्न विदेश जाने सोच बनाउँदै हुनुहुन्छ ?

हुनुहुन्छ भनेः

➢ श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।

➢ राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।

➢ श्रम कल सेन्टरको निःशुल्क नम्बर १११४१ मा फोन गर्नुहोस्।

नेपाल सरकार
विज्ञापन बोर्ड



कुनै पनि शुभ कार्य जस्तै :
शुभ विवाह,
व्रतवन्ध, पास्नी,
साथै सभा समारोहको लागि
फूल क्याटरिङ्गसहित हल चाहिएमा
सम्पर्क गर्नुहोस्।

त्रिरत्न मानन्धर ९८४१३१६६३०
सानुकाजी महर्जन ५८४१५६०६१०

स्वयम्भू ब्याङ्क्वेट

भुइखेल, स्वयम्भु, काठमाडौं। सम्पर्क : ०१५३८१५३८